आज मिति २०८१।०८।२६ गते बुधवारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को पाचौं बैठक तपशिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री मोहन कुमार राई - सूचना अधिकारी - ९८५२८४४०७३

CamScanner

प्रस्तावहरुः-

१) अतिक्रमण जग्गा हटाउने सम्बन्धमा।

२) चौ. न. पा.१ नं. वडा कार्यालयको माग सम्बन्धमा।

३) विद्यालयको जस्तापाता चुहिने भएकोले जस्तापाता माँग सम्बन्धमा।

४) मैनारानी गोल्डकपको लागि आर्थिक सहायता सम्बन्धमा।

५) विपत पिडित ( जंगली हात्तीले घर भत्काई अन्न खाएको) को आर्थिक सहायता माग सम्बन्धमा।

६) नेपाल तामाङ घेदुङ, उदयपुरको भाषा लिपी सम्बन्धी कार्यक्रमको लागि आर्थिक सहायता सम्बन्धमा।

७) एक्सरे मेसिन उपलब्ध गराउन आधारभुत नगर अस्पताल, बेल्टारको माग सम्बन्धमा।

८) ट्राफिक प्रहरी पोष्ट बेल्टारको माग सम्बन्धमा।

९) मालपोत कार्यालय र जिल्ला प्रहरी कार्यालयको उदयपुरको माग सम्बन्धमा।

१०) आ. व. २०८१/ ०८२ को स्वास्थ्य पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा।

११) विपद व्यवस्थापन सम्बन्धमा।

१२) नगरपालिकाको कार्यविधी संशोधन तथा स्वीकृत सम्बन्धमा।

१३) राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिबाट प्राप्त सहमती स्वीकार सम्बन्धमा ।

१४) ' घ ' वर्गको निर्माण इजाजत सम्वन्धमा ।

१५) नदीजन्य पदार्थ ढुंगा,गिट्टी र वालुवाको नापजाच र अनुगमन गर्न नगर प्राविधिक समिति गठन गर्ने सम्वन्धमा ।

१६) नम्वरी/निजि/ऐलानी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन (IEE) र गत आ.व.म्यादथप स्वीकृत गर्ने सम्वन्धमा।

१७) विविध

क) थारु कल्याणकारी सभा उदयपुरको माग सम्बन्धमा।

ख) नगर स्तरीय महिला संजालले गरेको तिज विशेष कार्यक्रम सम्बन्धमा।

ग) नेवा देय् दबू चौ. न. पा. को माग सम्बन्धमा।

घ) आर्थिक सहायता सम्बन्धमा।

ङ) विद्यार्थीहरुको शैक्षिक भ्रमणको लागि आर्थिक सहायता माग सम्बन्धमा।

च) वालवालिकासँग मेयर कार्यक्रम सम्बन्धमा।

छ) किसान सूचीकरण वडा छनौट सम्बन्धमा।

ज) केरा पकेटको वडा छनौट सम्बन्धमा।

झ) कर्मचारी तह वृर्द्धीको सूचना सम्बन्धमा।

ञ) विद्यार्थीलाई न्यानो कपडा वितरण सम्बन्धमा।

ट) भड्यौली खोला ट्रस पुल मर्मत सम्बन्धमा।

ठ) कोल्ड स्टोर घेराबेरा तथा मर्मत सम्बन्धमा ।

ड) दलित लक्षित कार्यक्रम सम्बन्धमा।

ढ) कालिखोलामा ट्रष्ट पुल निर्माणको लागि योजना माग गर्ने सम्बन्धमा।

ण) करार सेवामा कर्मचारी भर्ना गर्ने सम्बन्धमा।

त) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्ने सम्बन्धमा।

थ) चौरी चौधरी टोल लामाखोलामा तटबन्ध बाँध निर्माण गर्ने सम्बन्धमा।

निर्णयहरुः

१) अतिक्रमण जग्गा हटाउने सम्बन्धमा।

आ. व. २०८०/०८१ को मिति २०८०।०८।१४ गते बसेको कार्यपालिका बैठकले चौ. न. पा. ६ र ७ मा अवस्थित द्वारखोला आसपासको र औधोगिक ग्रामको जग्गा विभिन्न व्यक्तिबाट अतिक्रमण भएको र अतिक्रमित जग्गा संरक्षण गर्नु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ( छ) अनुसार नगरपालिकाको अधिकार क्षेत्रको विषय भएकोले प्राविधिक प्रतिबेदन अनुसार अतिक्रमित जग्गा खाली गर्ने आवश्यक प्रकृया अगाडि बढाउनको लागि नगर प्रमुख, सम्बन्धित वडाका वडा अध्यक्षहरु र सरोकारवाला व्यक्तिहरु समेतको रोहबरमा स्थलगत अन्गमन निरीक्षण गरी प्रचलित कानून अनुसार अतिक्रमित जग्गा खालि गर्ने गराउने तथा संरक्षणका लागि आवश्यक कार्यहरु अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो। साथै उक्त द्वारखोलाको साथै यस नगरपालिकाका १० वटै वडाको अतिक्रमित जग्गा संरक्षण गर्ने कार्य अगाडि बढाउने र सो कार्य गर्न सहयोगको लागि सुरक्षा निकाय समेतलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

२) चौ. न. पा.१ नं. वडा कार्यालयको माग सम्बन्धमा

चौ. न. पा.१ छुइला सुगाचरी खानेपानी उपभोक्ता समिति द्वारा विद्युत भोल्टेज प्रयाप्त नआएको कारण उपभोक्ताहरुलाई खानेपानीको समस्या भएको हुँदा विद्युत भोल्टेज बढाउनको लागि स्टेपलाइजर आबश्यक रहेको साथै चौदण्डीगढी दरवारमा ठुलो झण्डा राख्नुपरेको र दरवारको ऐतिहासिक विषय बस्तु समेटेर जानकारी मुलक सन्देश सूचना टाँस गर्नको लागि फलामको सूचना पाटी आवश्यक रहेको भनी माग भई आएको हुँदा नगरपालिकाका प्राविधिकबाट स्टेपलाइजर खरिद गर्न रु. २३०००।– लागत अनुमान गरिएकोले उकत रकम बराबरको स्टेपलाइजर र झण्डा तथा फलामको सूचना पाटी निर्माण कार्यको भुक्तानी प्राविधिक लागत अनुमान तथा कार्य सम्पन्न मुल्याङ्कन अनुसार नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

३) विद्यालयको जस्तापाता चुहिने भएकोले जस्तापाता माग सम्बन्धमा।

चौ. न. पा. -८ स्थित सरस्वती मा. वि. र चौ. न. पा. ५ स्थित शिव माध्यामिक विद्यालयको भवनमा टिनका छाना रहेका र पुरानो जिर्ण भएकोले बर्षादको समयमा चुहुने र कक्षा सञ्चालन गर्न समस्या रहेको हुँदा टिनको छाना फेर्नको

CS CamScanner

लागि रंगिन जस्तापाता उपलब्ध गराउन माग भई आएको हुँदा नगरपालिकाका प्राविधिकबाट रंगिन जस्तापाता, काटी, कब्जा, हुक, मिस्त्री खर्च, र ढुवानी समेत गरी तपशिल बमोजिम लागत अनुमान गरिएकोले उक्त रकम बराबरको रंगिन जस्तापाता लगायतका आबश्यक सामान नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार** बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

तपशिलः

क) सरस्वती मा. वि चौ. न. पा. -८ रु. २,७२,६२१।६५

४) मैनारानी गोल्डकपको लागि आर्थिक सहायता सम्बन्धमा।

पञ्चकन्या फुटबल क्लब, बेलका नगरपालिका -८ बाट **प्रथम मैनारानी गोल्डकप-२०८१** सञ्चालनको लागि आर्थिक सहायता माग गरेको सम्बन्धमा यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **कार्यक्रम खर्च** बाट रु. २००००।– (बिस हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

५) विपत पिडित (आगलागी र जंगली हात्तीले घर भत्काई अन्न खाएको) को आर्थिक सहायता माग सम्बन्धमा।

चौ. न. पा. १ छुइलामा भएको घर आगलागी र कोशी टप्पुबाट आएका जंगली हात्तीले मिति २०८१ सालको मंसिर महिनाको विभिन्न मितिमा यस नगरपालिका अन्तर्गत विभिन्न वडाका तपशिलका व्यक्तीहरुका घर भत्काई धान मकै अन्न, लता कपडा क्षती गरेको हुँदा आर्थिक सहयोग उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयबाट सिफारिस समेत भई आएको हुँदा विपत पिडितलाई तपशिल बमोजिमको रकम नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विपद व्यवस्थापन तथा विपद आर्थिक सहायता** बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

तपशिलः

| क्र. सं | विपद पिडितको नाम | विपद कारण | निर्णय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सर्मिला राई चौ. न. पा.-१ | आगलागी भई घरको पुर्ण क्षती | १०००००।- | |
| २ | सिताराम भुजेल चौ. न. पा. -५ | हात्तीले घर भत्काई अन्नपात खाएको। | १००००।- | |
| ३ | गोमा दाहाल चौ. न. पा. -५ | हात्तीले घर भत्काई अन्नपात खाएको। | १००००। | |
| ४ | रिपुमर्दन विष्ट चौ. न. पा. -९ | हात्तीले घर भत्काई अन्नपात खाएको। | १००००। | |
| ५ | डम्बर बहादुर कार्की चौ. न. पा. -५ | हात्तीले घर भत्काई अन्नपात खाएको। | १००००। | |
| ६ | अन्जनी कुमार चौधरी चौ. न. पा. -९ | हात्तीले घर भत्काई अन्नपात खाएको। | १००००। | |
| ७ | भौटुमान राई चौ. न.पा. -३ | हात्तीले खेतको धान खाएको | १००००।- | |

६) नेपाल तामाङ घेदुङ, उदयपुरको भाषा लिपी सम्बन्धी कार्यक्रमको लागि आर्थिक सहायता सम्बन्धमा ।
नेपाल तामाङ घेदुङ, जिल्ला समन्वय परिषद, उदयपुरले तामाङ भाषा लिपी (तामयूग लिपी) सम्वन्धी प्रशिक्षण कार्यक्रम गर्नको लागि आर्थिक सहयोग माग गरेको हुँदा नगरपालिकाबाट विनियोजित बजेट शीर्षक **जातिय चाडपर्ब, धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट रु. २५०००।- बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो ।

७) एक्सरे मेसिन उपलब्ध गराउन आधारभुत नगर अस्पताल, बेल्टारको माग सम्बन्धमा ।
आधारभुत नगर अस्पताल, बेल्टारले हाल प्रयोगमा रहेको एक्स रे मेसिन १०० MA को रहेकोले मेरुदण्ड लगायतको भागको एक्स रे गर्दा रोग निदान गर्न समस्या रहेकोले ५०० MA को एक्स रे मेसिन उपलब्ध गराउन माग भई आएको हुँदा सोको लागि यस नगरपालिका क्षेत्रमा रहेका वित्तिय संस्थाहरुलाई CSR अन्तर्गतको कार्यक्रम खर्चबाट उपलब्ध गराई दिनको लागि अनुरोध गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

८) ट्राफिक प्रहरी पोष्ट बेल्टारको माग सम्बन्धमा ।
ट्राफिक प्रहरी पोष्ट बेल्टारले यस नगरपालिका अन्तर्गत मदन भण्डारी राजमार्गका विभिन्न स्थानहरु, चौ. न. पा. -६ नं . वडा सातधारे स्थित सशस्त्र प्रहरी बल बेस क्याम्प अगाडी, ३ नं. वडाको ४५ चौक, वडा नं. ९ को ज्यामिरे, भिमा, वडा १० को देबधार लगाएतका स्थानहरुमा दिनानुदिन सवारी दुर्घटना भैरहेको र दुर्घटना न्यूनीकरणका लागि तपशिलका सामानहरु माग गरेको छ ।
प्लाष्टिक ड्रम - २५ मिटर
सडक दुर्घटना न्युनीकरण बोर्ड -३ थान
सडक घुमाउरो गती सिमित – ३ थान
माथि उल्लेख सामानहरु नियमानुसार प्रकृया पुरा गरी खरिद गर्ने र प्राविधिक मूल्याङ्कन अनुसार उक्त रकमको भुक्तानी नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **अन्य विविध कार्यक्रम खर्च** बाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

९) मालपोत कार्यालय उदयपुर र जिल्ला प्रहरी कार्यालय उदयपुरको माग सम्बन्धमा ।
मालपपपोत कार्याल, उदयपुरको च. नं. २३४३ मिति २०८१।०८।०२ को पत्रबाट मालपोत कार्यालयको संस्थागत सुदृढीकरणका लागि साथै जिल्ला प्रहरी कार्यालयको मिति २०८१।०८।२१ गतेको पत्रबाट जिल्ला प्रहरी कार्यालय परिसरमा बहुउद्देश्यीय भवन निर्माण गर्नको लागि आर्थिक सहायता माग गरी यस नगरपालिकामा पत्राचार गरेको उक्त रकम नगरपालिकाबाट विनियोजित बजेट शीर्षक **अन्य विविध कार्यक्रम खर्च** बाट तपशिल बमोजिम रकम उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो ।
तपशिलः

| क्र. सं | कार्यालयको नाम | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | मालपोत कार्यालय, उदयपुर | १०००००।- | |
| २ | जिल्ला प्रहरी कार्यालय, उदयपुर | ५००००।- | |

१०) आ. व. २०८१/ ०८२ को बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा ।

आ. व. २०८१/ ०८२ को बहुक्षेत्रीय पोषण कार्यक्रम नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट तपशिल बमोजिम सिफारिस गरेकोले उक्त कार्यक्रम स्वीकृती गर्ने निर्णय सर्वसम्मत गरियो ।

तपशिलः

| बहुक्षेत्रीय पोषण योजना बार्षिक कार्यक्रम आ.व. २०८१/०८२ | | | | | | |
|---|---|---|---|---|---|---|
| क स | खर्च शिर्षक | कियाकलापहरु | परिमाण | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत नेपाल सरकार, प्रदेस सरकार |
| १ | २२४१३ | बहुक्षेत्रीय पोषण कार्यकमका पोषण सहजकर्ताको पारिश्रमिक | | ३५००० | ३५००० | नेपाल सरकार शर्सत चालु |
| २ | २२४१३ | बहुक्षेत्रीय पोषण कार्यकमका पोषण सहजकर्ताको पारिश्रमिक | | ३००००० | ३००००० | नेपाल सरकार शर्सत अनुदान युरोपियन युनियन नगद अनुदान ( बैदेशिक) |
| ३ | २२५२२ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | | ७००००० | ७००००० | नेपाल सरकार शर्सत अनुदान युरोपियन युनियन नगद अनुदान ( बैदेशिक) |
| ४ | २२५२२ | पोषणमैत्री स्थानीय शासन प्रवद्धन | | १००००० | १००००० | नेपाल सरकार शर्सत अनुदान युरोपियन युनियन नगद अनुदान ( बैदेशिक) |
| ६ | २२५२२ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमालाई पोषण प्रोत्साहन सामाग्री प्रति सुत्केरी रु ३००० ( ब्रहुक्षेत्रिय पोषण कार्यकम साझेदारी) | | १५००००० | १५००००० | स्थानीय सरकार |
| जम्मा | | | | २६३५००० | २६३५००० | |

११) विपद व्यवस्थापन सम्बन्धमा ।

कोशी प्रदेश सरकारको कानून मन्त्रालयले प्रदेश सरकारले प्रदेश स्तरीय विपद पार्श्वचित्र तयार गरीरहेको हुँदा उक्त पार्श्वचित्रमा समावेश गर्ने गरी मन्त्रालयले मागे बमोजिमका विवरणहरु यस नगरपालिकाका १० वटै वडाबाट प्राप्त भएको हुँदा संशोधन परिमार्जन सहित स्विकृत गर्ने निर्णय गरियो ।

१२) नगरपालिकाको कार्यविधि संशोधन तथा स्वीकृत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाको कर्मचारी छनौट सम्बन्धी कार्यविधि संशोधन र नगरपालिकाको लांगि तपशिलका कार्यविधि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) चौदण्डीगढी नगरपालिकाको करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (संशोधन)

ख) चौदण्डीगढी नगरपालिकाको जग्गा खण्डीकरण तथा प्लटिङ सम्बन्धी कार्यविधि, २०८१

ग) चौदण्डीगढी नगरपालिकाको बाल क्लव तथा बाल सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०८१

घ) चौदण्डीगढी नगरपालिकाको रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

CamScanner

ङ) चौदण्डीगढी नगरपालिकाको आन्तरीक श्रोत मार्फत पशुपंछी तथा मतस्य विकास कार्यक्रम सञ्चालन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

च) चौदण्डीगढी नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

छ) चौदण्डीगढी नगरपालिकाको पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०८१

ज) सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०८१

१२.१) यस नगरपालिकाको विधायन समितिले तयार गरेका तपसिल बमोजिमका ऐनहरु स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

तपसिलः-

क) चौदण्डीगढी नगरपालिकाको कर, गैरकर राजश्व संकलन गर्ने सम्बन्धी ऐन, २०८१

१३. राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिवाट प्राप्त सहमती स्वीकार सम्बन्धमा ।

यस नगरपालिकाले नगर क्षेत्रमा रहेका खोला तथा नदिहरुवाट नदिजन्य पदार्थ उत्खनन्/ संकलन तथा विक्रि वितरणको लागि आवश्यक अनुमति उपलब्ध गराई दिन राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुरलाई मिति २०८१।५।१९ गते अनुरोध गरिएकोमा उक्त समितिवाट यस नगर क्षेत्रका खोला तथा नदिहरुको स्थलगत अनुगमन निरीक्षण गरी नगरपालिकावाट स्वीकृत भएको IEE बमोजिम प्रचलित ऐन, कानूनको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन्/ संकलन तथा विक्रि गर्न सहमती दिने सम्बन्धमा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुरको च.नं. ११५ मिति २०८१/०७/३० गतेको पत्र प्राप्त भएको हुँदा उक्त पत्रमा उल्लिखित व्यहोरा पालना गराउन सवैको साथ सहयोग लिने साथै प्रदेश आर्थिक ऐन,२०८१ को अनुसूचि-६ अनुसार बमोजिमको दररेटमा ढुगा, गिटीको ठेक्का लगाई एकमुष्ट राजश्व लिई दश प्रतिशत मुल्य अभिवृद्धि कर वाहेकको रकममा छुट दिएको विषय अनुमोदन गरी राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिले अनुमती दिए बमोजिमको परिमाण भन्दा केही कम परिमाण मात्र ठेक्का लगाई नगरपालिका चुर क्षेत्रको संरक्षणमा सचेत र जागरुक रहेको विषय स्पष्ट गर्दै प्राप्त अभुमतीलाई स्वीकार गर्ने सर्वसम्मत निर्णय गरियो।

१४. ' घ ' वर्गको निर्माण इजाजत सम्वन्धमा ।

यस न.पा. को ' घ ' वर्गको निर्माण इजाजत प्रमाणपत्र दिने कार्यविधि, २०७५ को दफा २ बमोजिम प्रक्रिया पुरा गरि निर्माण इजाजतको लागि निवेदन पेस गर्ने तपसिलका फर्मलाई निर्माण प्रमाणपत्र दिने निर्णय गरियो ।

तपसिलः

-थान पोखरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.चौदण्डीगढी न.पा. – ९ प्रो. विजय हुजदार

CamScanner

१५. नदीजन्य पदार्थ ढुंगा,गिट्टी र वालुवाको नापजाच र अनुगमन गर्न नगर प्राविधिक समिति गठन गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको बिपत व्यवस्था समितिको लागि तथा निर्माण सामग्री उत्खनन संकलन गरिने खोलाहरुको स्थलगत नियमित अनुगमन तथा नापजाच प्रतिबेदन तयार गर्न नगरपालिकाबाट तपसिल बमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक - अध्यक्ष
२. योजना शाखा प्रमुख - सदस्य
३. प्राबिधिक शाखा प्रमुख - सदस्य
४. सव- डिभिजन बन कार्यालय प्रतिनिधि – सदस्य
५. प्राबिधिक शाखा सव-इन्जिनियर - सदस्य
६.. राजस्व शाखा प्रमुख - सदस्य सचिव

१६. नम्बरी/निजि/ऐलानी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन (IEE) र गत आ.व.म्यादथप स्वीकृत गर्ने सम्बन्धमा।

माथि छलफल गर्दा श्री इम्यजिनेटिभ इन्जिनियरिंग सोलुसन प्रा.लि. बेलाका - ५ ले तयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेको नम्बरीजग्गा धनिहरुको बिवरण स्थानीय सरकार संचालन ऐनको दफा ६२ र वातावरण संरक्षण नियमावली २०७७ को दफा ५ को उपदफा १ र यस नगरपालिकाको कार्यविधि २०७७ बमोजिमको खण्ड ख अन्तर्गत पर्ने अनुसूची -७ मा आधारित पेस हुन् आएको वातावरणीय अध्ययन प्रतिबेदन (Initial Environmental Examination) (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

**तालिका १ : प्रस्तावित जग्गाहरुको वातावरणीय अध्ययन प्रतिबेदन बिवरण**

**ब्राहिङ कन्स्ट्रक्सन प्रा.लि.**

तालिका : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

| क.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | जमिनको क्षेत्रफल ( मि $^2$ ) | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ७५ % (मि $^2$) | गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको २०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | अम्बिका देवी सार्की | १ग१० | २०-५-२-२१९ | (ज.वि.) | १०३५५.०७ | ८२८४.०६ | १.०० | ८२८४.०६ | १६५६.८१ |
| २ | १ | भुपजित राई<br>भद्र बहादुर राई | ऐलानी | १२-०-०-०<br>९-०-०-० | (ज.रो.) | ६१०४.६४<br>४५७८.४८ | ४८८३.७१<br>३६६२.७८ | १.५<br>१.५ | ७३२५.५७<br>५४९४.१८ | १४६५.११<br>१०९८.८४ |
| | | | | | | | | | जम्मा जमिनको परिणाम ( मि $^2$) | २१०३८.१९ |
| | | | | | | | | | निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण ( क्यू.मि.) | १६५६ |
| | | | | | | | | | दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | १५.३५ |
| | | | | | | | | | निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण ( क्यू.फि.) | १४९०५४.७ |

CamScanner

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २१०३८.१९ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण १५.३५घनमिटर रहेको छ ।

२.७ संकलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २१०३८.१९ घनमिटर गिट्टीको चौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ । माथि उल्लेखित परिणामको आधारमा नगरपालिकाले कानून बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका २.२ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

१. प्रस्तावकको नाम : बसाहा निर्माण सेवा

| क.स | वडा नंम्बर | जग्गाधनीको नाम | निवेदन दर्ता कोड नंम्बर | जमिनको क्षेत्रफल | ज.रो/ ज.वि | जमिनको क्षेत्रफल ( मि $^2$ ) | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ९०% (मि $^2$ ) | औसत गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ३०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | दुर्गा बहादुर राई | AB ०२२५ | ३-०-०-० | (ज.रो.) | १५२६.१६ | १३७३.५४ | १.२५ | १७१६.९३ | ५१५.०८ |
| जम्मा जमिनको परिणाम ( मि $^2$ ) | | | | | | | | | | १५२६.१६ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण ( क्यू.मि.) | | | | | | | | | | ५१५.०८ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | ५१५.०८ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | १.८७ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण ( क्यू.फि.) | | | | | | | | | | १८,१८९.८४ |

| क.स | वडा नंम्बर | जग्गाधनीको नाम | निवेदन दर्ता कोड नंम्बर | जम्मा उत्खनन्/सङ्कलन गरी राजश्व लाग्ने कुल आयतन ( घ.मि. ) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन (खण्ड क ) | उत्खनन्/सङ्कलन आयतन (खण्ड ख ) | उत्खनन्/सङ्कलन आयतन (खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | दुर्गा बहादुर राई | AB ०२२५ | ५१५.०८ | ढुंगा | १७१.६९ | १७१.६९ | १७१.६९ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ५१५.०८ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण १.८७ घनमिटर रहेको छ ।

२.७. संकलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ५१५.०८ घनमिटर ढुङ्गाको चौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ । माथि उल्लेखित परिणामको आधारमा नगरपालिकाले कानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ

CS CamScanner

२.७. संकुलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ३०४०.११ घनमिटर ढुङ्गाको चौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ । माथि उल्लेखित परिणामको आधारमा नगरपालिकाले कानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

**३. प्रस्तावकको नाम : चौदण्डीगढी निर्माण कम्पनी प्रा. लि.**

| क्र. स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.वि | IEE जमिनको क्षेत्रफल ( मि$^{2}$). | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ९५% (मि$^{2}$) | औसत गहिराई ( मि ) | मौजुदा परिमाण/ वर्ष ( घ.मि.) | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ८०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | नौमाया राई | २/क १६५,१६६ | ०-१-१० | (ज.वि.) | ५०७.९३ | ४८२.५३ | १.१० | ५३०.७९ | ४२४.६३ |
| जम्मा जमिनको परिणाम ( मि$^{2}$) | | | | | | | | | | ५०७.९३ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण ( क्यू.मि.) | | | | | | | | | | ४२४.६३ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | ४२४.६३ |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | १.५४ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण ( क्यू.फि.) | | | | | | | | | | १४,९९५.६५ |

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | जम्मा उत्खनन्/सङ्कलन गरी राजश्व लाग्ने कुल आयतन ( घ.मि. ) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन (खण्ड क ) | उत्खनन्/सङ्कलन आयतन (खण्ड ख ) | उत्खनन्/सङ्कलन आयतन (खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | नौमाया राई | २/क १६५,१६६ | ४२४.६३ | ग्राभेलको | १४१.५४ | १४१.५४ | १४१.५४ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ४२४.६३ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण १.५४ घनमिटर रहेको छ ।

२.७. उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

CamScanner

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ४२४.६३ घनमिटर ग्राभेलको चौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ । माथि उल्लेखित परिणामको आधारमा नगरपालिकाले कानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

साथै गत आ.व. २०८०।८१ मा जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन भएको तपसिल बमोजिमका फर्म/कम्पनीहरुको वातावरणिय प्रतिवेदन तपसिलको परिमाणमा नियमानुसारको राजश्व लिइ अनुमति दिने गरी म्याद थप गरिएको छ।

१. युविको कन्स्ट्रक्सन सप्लायर्स एण्ड टेड्स प्रा.लि. जम्मा ५२७ घनमिटर ढुंगा ।

२. सिताराम कन्स्ट्रक्सन चौ.न.पा. ६ जम्मा १५६० घनमिटर ढुंगा ।

३. चौदण्डी-कन्स्ट्रक्सन चौ.न.पा. ४ जम्मा १०१३ घनमिटर ढुंगा ।

कुलजम्मा परिमाण ३१०० घनमिटर ।

१७) विविध

क) थारु कल्याणकारी सभा उदयपुरको माग सम्बन्धमा।

रुपन्देही जिल्लाको भैरहवामा थारु कल्याणकारी सभाको केन्द्रीय महाधिबेशन हुन गईरहेको र उक्त कार्यक्रममा सहभागी हुन यस नगरपालिकाबाट उल्लेख्य संख्यामा सहभागीहरु उक्त महाधिबेशनमा जानु पर्ने भएकोले यस नगरपालिकाबाट भैरहवा जान आउनको लागि ४ दिनको लागि एउटा बस उपलब्ध गराउन वा सो बापतको आर्थिक सहायता उपलब्ध गराउन थारु कल्याणकारी सभा चौदण्डीगढी नगर कार्य समितिबाट माग भई आएको हुँदा उक्त कार्यक्रममा सहभागी हुनको लागि यस नगरपालिकाबाट विनियोजित बजेट शीर्षक **सवारी साधान तथा मेशिनरी औजार भाडा** बाट रु २००००।– (वीस हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

ख) तिज कार्यक्रम सम्बन्धमा।

नगर स्तरीय महिला संजाल, बेल्टारले तिज विशेश कार्यक्रम मिति २०८१।०५।१९ मा भएकोमा नगरले उपलब्ध गराएको रकम अपुग भएकोले थप रकमको माग गरी यस नगरपालिकामा निबेदन प्राप्त भएकोमा उक्त कार्यक्रम गर्न रकम अपुग भएको हुँदा तिज विशेष कार्यक्रमको लागि थप रकम माग गरेको र चौ. न. पा. -४ नं वडाका महिलाहरुले मिति२०८१।०५।१९ मा मनाइएको तिज कार्यक्रममा भएको खर्चको रकम उपलब्ध गराउन माग गरेको हुँदा यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **जातिय चाडपर्व, धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट तपशिल बमोजिमको रकम उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

तपशिलः

| क्र. सं. | माग गर्ने संस्था, ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १. | नगर स्तरीय महिला संजाल, चौ. न. पा. | रु. ३५०००। | |
| २. | बसाहा थान महिला समूह चौ. न. पा. -४ | रू. २००००।- | |

CamScanner

ग) नेवा देय् दबू चौ. न. पा. को माग सम्बन्धमा ।

नेवा देय् दबू चौ. न. पा. नगर कार्य समिति बेल्टारले नेवार समुदायको भाषा संस्कृती विकासको लागि ४० जना सहभागीलाई ४५ दिन सम्मको तालिम दिन तथा नेवार सस्कृती जगेर्ना गर्न ढोल, झ्याम्टा, चम्बर, धिमेबाजा, बासुरी लगायतका सामाग्री खरिद गर्न साथै नेपाल सम्वत कार्यक्रमको लागि आर्थिक सहयोग माग गरेको हुँदा यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **जातिय चाडपर्ब, धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट रु.२००००।- उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट गरियो ।

घ) आर्थिक सहायता सम्बन्धमा ।

विभिन्न व्यक्ति तथा समुहहरुको माग बमोजिम यस नगरपालिकाको कार्यक्रम खर्च शीर्षकबाट तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

- चौ न पा १ मिलन तामाङ मानसीक रोगी उपचारार्थ रु.३५०००।-
- तिलक राई \ अर्पण राई चौ. न. पा. २ (मृत्यु भैसकेको) रु.२००००।-
- आँखिझ्याल महिला विकास केन्द्र , बेल्टार लाई गाईघाट जान आउन १ दिनको बस भाडा रु.१५०००।-
- चौ.न.पा. सामुदायिक प्रधानाध्यापकहरुको बैठक तथा बनभोज व्यवस्थापन समिति रु.२००००।–
- सेतपानी खानेपानी योजनाको लागि ट्याङ्की र पाइप खरिद रु.४४०००।-

ङ) विद्यार्थीहरुको शैक्षिक भ्रमणको लागि आर्थिक सहायता माग सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत विभिन्न वडामा रहेका तपशिलका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले विभिन्न स्थानहरुमा शैक्षिक भ्रमणको लागि जाने भएकोले शैक्षिक भ्रमणको लागि माग गरेको हुँदा यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **कार्यक्रम खर्च** बाट तपशिल बमोजिम रकम उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो ।

तपशिलः

| क्र. स. | विद्यालयको नाम | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री ज्योती मा. वि. चौ. न. पा. -६, बेल्टार | २००००।- | |
| २ | श्री जाल्पा जन मा. वि. चौ. न. पा. -४, बँसाहा | २००००।- | |
| ३ | श्री मा. वि. चौ. न. पा. -५, सिवाई | २००००।- | |
| ४ | श्री शारदा मा.वि. कटहरे वडा नं. १ | २५०००।- | |

CamScanner

च) वालवालिकासँग मेयर कार्यक्रम सम्बन्धमा।

बालबालिकाका सरोकारका सवाल, विद्यालय शिक्षा र बाल अधिकारको विषयमा केन्द्रित रही नगरका सबै सामुदायिक माध्यामिक विद्यालय / संस्थागत विद्यालय तथा नगरपालिका केन्द्र आसपासका आधारभूत विद्यालयमा अध्ययनरत् बिद्यार्थीहरु र नगर पालिका प्रमुख बीच "बालबालिकासंग मेयर" कार्यक्रम गर्ने र उक्त कार्यक्रम गर्दा लागेको खर्च को भुक्तानी यस नगरपालिकाबाट विनियोजित बजेट शीर्षक **कार्यक्रम खर्च** बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

छ) किसान सूचीकरण वडा छनौट सम्बन्धमा।

चालु आ. व. २०८१/०८२ मा नेपाल सरकारको सशर्त कार्यक्रम किसान सूचिकरण रहेको हुँदा उक्त कार्यक्रम गर्न यस नगरपालिकाको वडा नं ५, वडा नं. ९ र वडा नं. १० छनौट गर्ने निर्णय गरियो। उक्त वडाहरुमा किसान सुचिकरण कार्यको लागि प्रति वडा १ जना गणक ५ महिनाको लागि नियुक्ती गर्ने निर्णय गरियो।

ज) केरा पकेटको वडा छनौट सम्बन्धमा।

चालु आ. व. २०८१/०८२ मा प्रधानमन्त्री कृषी आधुनिकी परियोजना अन्तर्गत केरा पकेट क्षेत्र कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रम गर्न यस नगरपालिकाको वडा नं ४ छनौट गर्ने निर्णय गरियो।

झ) कर्मचारी तह बृद्धीको सूचना सम्बन्धमा।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० कोशी प्रदेशको दफा ४ को उपदफा ५ र दफा २७ को १ अनुसार योग्यता पुगेका कर्मचारीहरुलाई तह बृद्धीको लागि सूचना जारी गर्ने निर्णय गरियो।

ञ) विद्यार्थीलाई न्यानो कपडा वितरण सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका अन्तर्गत १० वटै वडामा रहेका आधारभुत विद्यालय वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरु मध्ये अति विपन्न विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गर्ने र उक्त कार्यको भुक्तानी विद्यार्थी संख्या र न्यानो कपडा खरिद लागत अनुसार यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **कार्यक्रम खर्च** बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

ट) भड्यौली खोला ट्रस पुल मर्मत सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका वडा नं. ९ को भड्यौली खोलामा रहेको ट्रस पुल आ. व. २०८१/०८२को असार साउन महिनामा आएको बाढीले पुलबाट आवत जावत गर्न नमिल्ने गरी ट्रस पुलमा क्षती पुर्याएको र उक्त पुल संचालन गर्न अति आवश्यक रहेको हुँदा पुल मर्मत संभार कार्यको लागि प्राविधिकबाट इष्टिमेट रु. १०८०००।- भएको हुँदा उक्त रकम कार्य सम्पन्न लागत प्रतिबेदन अनुसार नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरीबाट** भुक्तानी हुने सर्बसम्मत निर्णय गरियो।

CamScanner

ठ) कोल्ड स्टोर घेराबेरा तथा मर्मत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका वडा नं. ९ को पश्चिम ज्यामिरेमा आ. व. २०८०/०८१ मा बनेको चिस्यान केन्द्र (कोल्ड स्टोर) को घेराबेरा कार्य बाँकी रहेको हुँदा उक्त घेराबेरा तथा व्यबस्थापन कार्यको लागि प्राविधिकबाट इष्टिमेट रु. ३९५०००।– भएको हुँदा उक्त रकम कार्य सम्पन्न लागत प्रतिबेदन अनुसार नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी**बाट भुक्तानी गर्ने सर्बसम्मत निर्णय गरियो ।

ड) दलित लक्षित कार्यक्रम सम्बन्धमा ।

यस नगरपालिकाको १६ औं नगरसभाबाट दलित लक्षित कार्यक्रमको लागि विनियोजन गरेको बजेटबाट दलित समुदायको शसक्तिकरण, व्यवसाय प्रर्वद्धन, क्षमता विकास तथा आयआर्जनमा पहुँच वृद्धिका लागि कार्यक्रमहरु तयार गरी नगरपालिकामा पेश गर्न तथा कार्यान्वयन गर्न गराउन नगरस्तरीय दलित समन्वय समितिलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

ढ) कालिखोलामा ट्रष्ट पुल निर्माणको लागि योजना माग गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको वडा नं. ४ स्थित चरण चौक र काउलेली टोल बीचमा पर्ने कालिखोलामा पुल नभएकोले स्थानीय नागरिकहरुलाई बजार तथा विद्यालयसम्म जान कठिनाई भएकोले र उक्त स्थानमा ट्रष्ट ब्रिज निर्माण अति आवश्यक भएको हुँदा स्थानीय नागरिक तथा विद्यार्थीहरुको बजार तथा विद्यालयसम्म सहज आवत जावतको व्यवस्थाको लागि ट्रष्ट ब्रिज निर्माण गर्ने आवश्यक व्यवस्थाको लागि कोशी प्रदेश सरकारस समक्ष योजना माग गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

ण) करार सेवामा कर्मचारी भर्ना गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको स्वीकृत अस्थायी दरबन्दीहरु मध्ये केही दरबन्दीहरु खाली रहेकोले कार्यालयको दैनिक कामकाज सञ्चालनमा कठिनाई भएको हुँदा कार्यालयको कार्यबोझको आधारमा कर्मचारी व्यवस्थापन गर्न अति आवश्यक देखिएका शाखाहरुको लागि तपसिल बमोजिमका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

तपसिलः

१. बालमैत्री फोकल पर्सन १ जना
२. सामाजिक परिचालक २ जना
३. सहायक कम्प्युटर अपरेटर १ जना
४. लगत प्रविष्ट कर्ता (सहायकस्तर चौथो)

CamScanner

त) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्ने सम्बन्धमा ।

नेपाल सरकार कृषि तथा पशुपछी विकास मन्त्रालयबाट जारी भएको "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" को दफा ६ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको लागि संघ सरकारबाट प्राप्तहुने पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी सशर्त कार्यक्रम सञ्चालन गर्नका लागि तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

तपसिलः

१. श्री हरि बहादुर खड्का – संयोजक (अध्यक्ष वडा नं. २)

२. श्री डा. विष्णु यादव – पशु चिकित्सक अधिकृत छैटौं

३. श्री विक्रम वाईवा – ना.प.स्वा.प्रा.

थ) चौरी चौधरी टोल लामाखोलामा तटबन्ध बाँध निर्माण गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको वडा नं. ४ स्थित चौरी चौधरी टोल लामाखोलाले वर्षेनी कटान गरी खेतियोग्य जमिन कटान गर्नुको साथै मानव बस्तिमा समेत क्षति पुऱ्याउदै आएकोले उक्त स्थानमा नदि नियन्त्रणको काम तत्काल गर्नुपर्ने आवश्यकता देखिएको हुँदा यस नगरपालिकाको १६ औं नगरसभाबाट चालु आ.ब. २०८१/०८२ को लागि खोला क्षेत्रमा तटबन्धन बाँध निर्माण शीर्षकमा विनियोजित रकम ४० लाख मध्येबाट उक्त स्थानमा नदि नियन्त्रणको कार्य गर्न रु.१० लाख विनियोजन गर्ने र उक्त कार्य रकमबाट नदि नियन्त्रणको कार्य तत्काल अगाडि बढाउने निर्णय सर्वसम्मतबाट पारित गरियो । साथै गत आर्थिक वर्ष २०८०/०८१ मा नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण गरेबापत सोही स्थानको नदि नियन्त्रण/व्यवस्थापनको कार्य गर्नको लागि नगरपालिकाले प्राप्त गरेको राजश्वको ४० प्रतिशतले हुने रकम तपसिलका वडाहरुलाई उपलब्ध गराउने निर्णय अनुसार सम्बन्धित स्थानहरुमा नदि नियन्त्रणको लागि तटबन्ध बाँध निर्माण गर्न तपसिल अनुसारको बजेट **खोला क्षेत्रमा तटबन्धन बाँध निर्माण शीर्षकमा विनियोजित रकम** ४० लाख मध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः-

वडा नं. ५ रु. २७८०००।-

वडा नं. ६ रु. ७२३९१६।-